# सामुदायिक क्याम्पसहरुको अवस्था र चुनौती

-डा. खगराज शर्मा
सह-प्राध्यापक,
राममणि व क्याम्पस, रुपन्देही

**पृष्ठभूमि :**

वि.सं. १९६९ मा कलकत्ता विश्वविद्यालयसँग सम्बन्धन लिई त्रिभुवन चन्द्र इण्टरमिडिएट कलेज (हालको त्रिचन्द्र क्याम्पस) को स्थापना गरी वि.सं. १९७५ सालबाट पठनपाठन प्रारम्भ भएपछि नेपालमा उच्च शिक्षा अध्ययन अध्यापनको औपचारिक ढोका खुलेको हो । त्यसपछि भने चार दशकको अन्तरालमा मात्र वि.सं.२०१६ सालमा प्रथम विश्वविद्यालयका रूपमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको हो तापनि यसभन्दा अगाडि भारतीय विश्वविद्यालय अर्थात् कलकत्ता विश्वविद्यालय र पछि पटना विश्वविद्यालयबाट सम्बन्धन लिई नेपालमा ६ वटा सरकारी क्याम्पस र ३८ वटा सम्बन्धन प्राप्त क्याम्पसहरू सञ्चालनमा रहेका थिए ।

विशेष गरी वि.सं.२०१६ देखि वि.सं.२०२८ सम्म त्रिभुवन वि.वि.को सम्बन्धनमा सरकारी र निजी स्तर ( तत्कालीन समयमा सामुदायिकलाई नै निजी स्तर भनिएको) बाट कजेलहरू खुलेको पाइन्छ । तर वि.सं.२०२८ मा राष्ट्रिय शिक्षा पद्धति योजना लागु भएपछि वि.सं.२०३० सालमा समुदायद्वारा सञ्चालित अमृत साइन्स कलेज काठमाडौं, शंकरदेव कलेज काठमाडौं, रामसागर स्वरूप कलेज जनकपुर, ठाकुरराम कलेज विरगञ्ज जस्ता महत्वपूर्ण क्याम्पसहरूलाई त्रिभुवन वि.वि.का आंगिक क्याम्पस(Constituent Campus) का रुपमा रुपान्तरण गर्नुका साथै ती क्याम्पसहरूको सम्पूर्ण सम्पत्ति र दायित्व पनि त्रि.वि मा नै केन्द्रित गरियो । यस घटनाले तत्कालीन शिक्षा नीतिमा समुदायको भूमिका र योगदानको उचित कदर हुन नसकेको पक्षलाई उजागर गरेको छ । उच्च शिक्षाको अभिभारा त्रि.वि.ले मात्रै लिने व्यवस्थाका कारण यसको सम्पूर्ण भार सरकारमा मात्रै केन्द्रित रहन गयो । यसको एक दशक पनि नपुग्दै विद्यार्थीहरुको बढ्दो चापका कारण उच्चशिक्षा प्रदानको अभिभारा राज्यले मात्र थाम्न सकेन । जसको फलस्वरुप वि.सं. २०३७ सालमा त्रि.वि.ले जनसहभागिता (Public Participation) मा आधारित रहेर देशका विभिन्न ठाउँमा त्रि.वि.कै शिक्षकहरुको संलग्नतामा सामुदायिक क्याम्पस खोल्न स्वीकृति प्रदान गऱ्यो । यसले बिचमा टुटेको सामुदायिक सहभागिताको श्रृंखला जोडिन पुग्यो । त्यसपछि भने देशका विभिन्न स्थानहरूमा पब्लिक (सामुदायिक) क्याम्पसहरू स्थापनाको लहर विस्तारित हुँदै गयो र उच्च शिक्षा प्रदान गर्ने क्रममा सामुदायिक क्याम्पसको स्थापना, सञ्चालन र व्यवस्थापनमा समुदायको प्रत्यक्ष सहभागिता रहन पुग्यो । तर २०३७ सालदेखि २०४६ सालसम्म सरकारले सामुदायिक क्याम्पसहरूलाई कुनै किसिमवाट सहयोग गर्न सकेन वि.सं.२०४७ सालमा नेपाल पब्लिक क्याम्पस संघको स्थापना भयो । र संघकै पहलमा वि.सं.२०४७ सालको अन्तरिम सरकारका पालामा रू.१ करोडको वजेट छुट्याई सामुदायिक क्याम्पसलाई अनुदान दिने कार्यको प्रारम्भ भयो ।

**सामुदायिक क्याम्पसः**

समुदायबाट समुदायको हितको लागि नाफारहित ढङ्गले संचालित क्याम्पस नै सामुदायिक क्याम्पस हुन् । यस्ता क्याम्पसहरुमा खासगरी स्थानीय स्तरबाट उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले समाजसेवी, बुद्धिजीवी ,शिक्षाप्रेमी, दानवीर दाताहरुले आफ्नो क्षमता अनुसार नगद, श्रम, अन्न वा मट्टी दान दिएर वा चन्दा उठाएर भौतिक पूर्वाधार निर्माण गरेका छन् । त्यसैले यस्ता क्याम्पस नाफारहित ढङ्गले संचालित तथा विश्वविद्यालयहरुबाट स्वीकृत शैक्षिक केन्द्रका रुपमा परिचित छन् । देशका कुनाकाप्चामा रहेका स्थानीय जनताले दिएको चन्दा, दान आदिबाट भौतिक

विकास गरिए पनि सामुदायिक क्याम्पसहरुको आम्दानीको प्रमुख श्रोत विद्यार्थीबाट उठेको शुल्क नै हो । यही शुल्कबाट शैक्षिक, भौतिक, प्रशासनिक लगायतका खर्च धान्दै दुर्गम तथा किनारीकृत भौगोलिक परिवेशमा रहेर नेपाली जनतालाई उच्च शिक्षाको अवसर दिइरहेका छन् । हाल त्रि.वि.बाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरुको संख्या ५२८ रहेको छ । तीमध्ये नेपाल संस्कृत विश्वविद्यालयबाट ४ वटा र पुर्वाञ्चल विश्वविद्यालयबाट ५ वटा गरी जम्मा ५३७ वटा सामुदायिक क्याम्पसहरु विश्वविद्यालय अनुदान आयोगको अभिलेखमा रहेका छन् । भने नेपाल पव्लिक क्याम्पस संघमा आवद्धता संख्या भने ५५० भन्दा वढी रहेका छ ।

सामुदायिक क्याम्पसहरूले देशको दूरदराजसम्म शिक्षाको ज्योति फैलाउने क्रम दिनप्रतिदिन बढ्दै गएको छ । आर्थिक, सामाजिक आदि कारणबाट शहरमा पुगी उच्चशिक्षा हासिल गर्न कठिन भएका परिवार र समुदायमा रहेका उच्च शिक्षा आर्जन गर्ने चाहना बोकेका विद्यार्थीहरूका निम्ति सामुदायिक क्याम्पसहरू वरदान नै साबित भएका छन् । त्यतिमात्र होइन, लैङ्गिक दृष्टिले हेर्ने हो भने हाम्रो समुदायमा महिलाहरूलाई परिवारबाट टाढा रहेर उच्च शिक्षा लिने कुरा निकै कष्टकर र दुर्लभ हुने स्थितिमा सामुदायिक क्याम्पसले महत्वपूर्ण भूमिका निर्वाह गरी शिक्षामा महिलाको पहुँच बढ्दै गएको कुरा तथ्याङ्कले पुष्टि गरेको छ । सामुदायिक क्याम्पस देशका ग्रामीण क्षेत्रमा स्थापना हुनेक्रम बढेपछि उच्च शिक्षामा निम्न वर्गीय महिलाहरूको पहुँच दिनप्रतिदिन वृद्धि हुँदै गएको छ । जसले गर्दा राज्यद्वारा उच्च शिक्षाको भार वहन गर्न नसकी रहेको सन्दर्भमा समुदायको साझेदारी स्थापित भै उच्च शिक्षामा समुदायको लगानी कायम हुनु, ग्रामीण तहसम्म शिक्षा प्रदान गरी देशको शैक्षिक जनशक्ति वृद्धिमा योगदान पुऱ्याउनु आदिजस्ता विषयमा सामुदायिक क्याम्पसहरू र ती क्याम्पसहरूको स्थापनामा योगदान पुऱ्याउने जनसमुदाय एवं शिक्षाप्रेमी महानुभावहरुको महत्वपूर्ण योगदान रहेको स्पष्ट हुन्छ ।

सम्बन्धन दिने विश्वविद्यालयले केबल आय आर्जनको माध्यमका रूपमा मात्र सम्बन्धन प्राप्त क्याम्पसहरुलाई लिएको देखिन्छ । वार्षिक अनुगमन शुल्क, सेवा शुल्क, रजिष्ट्रेशन शुल्क, परीक्षा शुल्क, प्रयोगात्मक शुल्क, शिक्षण अभ्यास शुल्क, प्रतिवेदन शुल्क, अनुसन्धान शुल्क, विभिन्न किसिमका करहरु आदि नामबाट करिब वार्षिक प्रतिविद्यार्थी औशत दुई हजारभन्दा बढि रकम क्याम्पसबाट विश्वविद्यालय र सरकारका विभिन्न निकायमा बुझाउनु पर्दछ भने राज्यको सामुदायिक क्याम्पसमा हुने लगानी त्यति प्रभावकारी छैन । सम्वन्धन दिने वि.वि.वाट नियमित अनुगमन, शिक्षक कर्मचारीको स्तर निर्धारण, शैक्षिक क्यालेण्डर निर्माण एवं सो को कार्यान्वयन, शैक्षिक गुणस्तरीयताका निम्ति शिक्षकहरुलाई प्रर्याप्त तालिम, विद्धतवृत्तिमा सहज र पर्याप्त सहभागिता जस्ता विषयका अलवा विश्वविद्यालयमा शिक्षकहरुद्धारा गरिने हरेक कार्यमा सामुदायिक क्याम्पसहरुका प्राध्यापकहरुलाई पनि प्रभावकारी सहभगिता गराउन सकेको अवस्था देखिँदैन ।

**नेपालका विश्वविद्यालयमा रहेका क्याम्पसहरुको अवस्था :**

| क.स. | वि.वि | क्याम्पसहरु | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | आंगिक | सामुदायिक | निजी | जम्मा | |
| १ | त्रिभुवन वि. | ६२ | ५२८ | ५५४ | ११४४ | विश्वविद्यालय |
| २ | नेपाल संस्कृत वि. | १३ | ४ | ३ | २० | विश्वविद्यालय |
| ३ | काठमांडौ वि. | ९ | – | १५ | २४ | विश्वविद्यालय |
| ४ | पुर्वाञ्चल वि. | ७ | ५ | १०६ | ११८ | विश्वविद्यालय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | पोखरा वि. | ९ | – | ५८ | ६७ | विश्वविद्यालय |
| ६ | लुम्विनी वौद्ध वि. | ३ | – | ९ | १२ | विश्वविद्यालय |
| ७ | कृषि तथा वन वि. | १० | – | ७ | १७ | विश्वविद्यालय |
| ८ | सुदूरपश्चिम वि. | १६ | – | – | १६ | विश्वविद्यालय |
| ९ | मध्य पश्चिम वि. | १२ | – | १ | १३ | विश्वविद्यालय |
| १० | नेपाल खुल्ला वि. | १ | – | – | १ | विश्वविद्यालय |
| ११ | राजर्षि जनक वि. | १ | – | – | १ | विश्वविद्यालय |
| १२ | गण्डकी वि. | १ | – | – | १ | प्रादेशिक वि.वि. |
| १३ | वि.पि.कोइराला स्वा. | १ | – | – | १ | प्रतिष्ठान |
| १४ | नाम्स (NAMS) | २ | – | – | २ | प्रतिष्ठान |
| १५ | पाटन स्वा.विज्ञान | १ | – | – | १ | प्रतिष्ठान |
| १६ | कर्णाली स्वा.विज्ञान | १ | – | – | १ | प्रतिष्ठान |
| १७ | पोखरा स्वा. विज्ञान | १ | – | – | १ | प्रतिष्ठान |
| जम्मा | | १५० | ५३७ | ७५३ | १४४० | – |

**UGC, Annual Report - 2078/2079**

प्रदेशगत रुपमा क्याम्पसहरुको अवस्था :

| क्याम्पसको प्रकृति/प्रदेश | एक नम्वर | मधेश | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुर पश्चिम | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ८१ | ४१ | १७० | ८३ | ८८ | २५ | ४९ | ५३७ | ३७.२९ |
| आंगिक | २५ | ९ | ४६ | १७ | १९ | १३ | २१ | १५० | १०.४२ |
| निजी | ९२ | ७३ | ४१२ | ५२ | ८१ | १८ | २५ | ७५३ | ५२.२९ |
| जम्मा | १९८ | १२३ | ६२८ | १५२ | १८८ | ५६ | ९५ | १४४० | १०० |
| प्रतिशत | १३.७५ | ८.५४ | ४३.६१ | १०.५६ | १३.०६ | ३.८९ | ६.६० | १०० | |

**UGC, Annual Report- 2078/2079**

## लुम्बिनी प्रदेशका जिल्लागत रुपमा रहेका सामुदायिक क्याम्पसहरु

| क.स. | जिल्ला | क्याम्पस संख्या | कैफियत |
|---|---|---|---|
| १ | अर्घाखाँची | ५ | |
| २ | कपिलवस्तु | ८ | |
| ३ | गुल्मी | १० | |

| | | | |
|---|---|---|---|
| ४ | दाङ्ग | ७ | |
| ५ | प.नवलपरासी | ६ | |
| ६ | पाल्पा | १४ | |
| ७ | प्युठान | ५ | |
| ८ | वर्दिया | ९ | |
| ९ | वाँके | ३ | |
| १० | रुकुम | १ | |
| ११ | रुपन्देही | १७ | |
| १२ | रोल्पा | १ | |
| | जम्मा | ८६ | |

**सामुदायिक क्याम्पसका सबल पक्षहरु:**

- उच्च शिक्षामा कुल विद्यार्थीको करिव ३० प्रतिशत र कुल छात्रा विद्यार्थीमा ३५ प्रतिशत विद्यार्थीहरु अध्ययनरत रहनु ,
- ७६ जिल्लाका दूरदराजसम्म सामुदायिक क्याम्पसको पहुँच रहनु,
- करिव १५००० प्राध्यापक तथा ३५०० कर्मचारीहरू सामुदायिक क्याम्पसमा संलग्न रहनु र यीमध्ये करिव ५० प्रतिशत प्राध्यापक तथा कर्मचारीहरू स्थायी रहनु,
- समुदायको प्रत्यक्ष संलग्नता र व्यवस्थापनमा क्याम्पसको स्थापना र संचालन हुनु,
- करिव ६० प्रतिशत क्याम्पसले आफ्ना आवश्यक भौतिक पुर्वाधारहरू निर्माण गर्नु,
- उच्च शिक्षालाई महिला, जनजाति, सीमान्तीकृत, दलित विद्यार्थीहरुको पहुँचसम्म सर्वशुलभ रुपमा पुऱ्याउनु,
- उच्च पहाडी एवं ग्रामीण स्तरका कुनाकाप्चासम्म उच्च शिक्षा पुग्नुले देशको शिक्षित जनशक्तिमा बढोत्तरी हुनु,
- उच्च शैक्षिक जनशक्ति (स्नातकोत्तरहरु)को केही हिस्सालाई रोजगारी दिन सफल हुनु,
- राष्ट्रको उच्च शिक्षा विकासमा समुदायको योगदानले सरकारलाई समेत सहयोग पुऱ्याउनु,
- उच्च शिक्षा सर्वसाधारणका लागि सुलभ हुनु ।

**सामुदायिक क्याम्पसहरुको आर्थिक व्यवस्थापनको आधार :**

**सामुदायिक क्याम्पसले प्रमुख रुपमा निम्न स्वरुपबाट आफ्नो अर्थिक व्ययभार वहन गर्दै आएका छन् ।**

- समुदायको दान दातव्य (नगद, मट्टी , श्रम, अन्न),
- चन्दा, देउसी, भैलो, आदि ,
- स्थानीय तह तथा प्रदेश सरकारको सहयोग,
- विश्वविद्यालय अनुदान आयोगको सहयोग,

- अभिभावकको योगदान (विद्यार्थी शुल्क),

जसमध्ये विद्यार्थी शुल्कले कूल आयको करिब ८० प्रतिशत भार वहन गर्दछ भने करिव ५ देखि १० प्रतिशत आयको भार विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त गर्ने सहयोगले बहन गरेको छ । बाँकी अन्य स्रोतबाट व्यवस्थापन गरिएको हुन्छ ।

## वि.वि.अनुदान आयोग मार्फत् प्राप्त अनुदान अवस्था :

आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९मा सामुदायिक क्याम्पसलाई प्राप्त अनुदानको अवस्थालाई तपसिल वमोजिमका उल्लेख गर्न सकिन्छ ।

| क.स. | सहयोगको प्रकृति | आ.व.२०७७/०७८ | | आ.व.२०७८/०७९ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | क्याम्पस संख्या | रकम रु. (हजारमा) | क्याम्पस संख्या | रकम रु. (हजारमा) | |
| १ | नियमित अनुदान | ४५९ | ४३३९६८.१२५ | ४७२ | ६४०६९६.३ | |
| २ | भवन निर्माण | ६७ | ३०३२०० | १०८ | ६८४४५० | |
| ३ | पुस्तक खरिद | २५ | १०८०० | ३५ | १३००० | |
| ४ | फर्निचर खरिद | २९ | १६१५० | ५६ | ३०९०० | |
| ५ | उपकरण खरिद | ३२ | १७८३० | ३८ | २११०० | |
| ६ | अतिरिक्त कियाकलाप | २९ | २९००० | ३२ | ३९००० | |
| | **जम्मा रकम रु.** | | **८१,०९,४८.१२५** | | **१४२,९१,४६.३** | |

**UGC, Annual Report- 2077/2078 and 2078/2079**

**वि.वि.अनुदान आयोगवाट प्राप्तहुने सामुदायिक क्याम्पसहरु सम्बद्ध अन्य अनुदानहरू :**

- शिक्षकहरूको वृत्तिविकास, गोष्ठी, सेमिनार जस्ता शीर्षकमा,
- पठनपाठन सुरु भई दुई वर्ष पूरा गरिसकेका तर नियमित अनुदान प्राप्त नगरेका सामुदायिक क्याम्पसहरूलाई पाठ्यपुस्तक तथा सन्दर्भपुस्तक, फर्निचर र उपकरण आदि खरिदका लागि विशेष अनुदान प्राप्त हुने,

**उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम (NEHEP) बाट सामुदायिक क्याम्पसलाई प्राप्त हुन सक्ने लाभहरू :**

मुलुकको उच्चशिक्षा क्षेत्रलाई गुणस्तरीय, प्रतिस्पर्धी एवं राष्ट्रिय प्राथमिकतासँग सान्दर्भिक बनाई विकास गर्न ज्ञानमा आधारित समाज र अर्थतन्त्रको विकासका लागि उच्चशिक्षालाई वैज्ञानिक, नवप्रवर्द्धनात्मक, अनुसन्धानमुखी, प्रविधिमैत्री, रोजगारोन्मुख र समावेशी बनाउँदै लैजाने प्रमुख उद्देश्य सहित नेपाल सरकारले राष्ट्रिय उच्चशिक्षा विकास कार्यक्रम तयार गरेको छ ।

राष्ट्रिय उच्चशिक्षा विकास कार्यक्रमका निर्धारित लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने उद्देश्यका लागि विश्व बैंकको ६० मिलियन युएस डलर ऋण सहयोगमा **उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम** (Nurturing Excellence in Higher Education Program) सन् २०२१ देखि सन् २०२६ सम्म कार्यान्वयनमा आएको छ । यस कार्यक्रमको उद्देश्य उच्चशिक्षाको श्रम बजारमा सान्दर्भिकता र गुणस्तरको सवलीकरण, सहकार्यमा आधारित अनुसन्धान र नवप्रवर्तनको बढवा तथा अल्पसंख्यक र प्रकोप प्रभावित समूहरूको उच्चशिक्षामा समतामूलक पहुँचको विस्तार गर्ने रहेको छ ।

उर्पयुक्त उद्देश्य पूरा गर्न **नतिजा/परिणामहरूका लागि कार्यक्रम (Program for Results, P for R)** अन्तर्गत रही उच्चशिक्षाको समग्र सुधार एवं विस्तार गर्न ४ वटा नतिजाका क्षेत्रहरू निर्धारण गरिएको छ । उक्त क्षेत्रहरूभित्र ६ वटा Disbursement Linked Indicators (DLIs) र १७ वटा Disbursement Linked Results (DLRs) रहेका छन् । निर्धारित क्षेत्रमा लक्षित उपलब्धि हासिल गरेबापत उच्च शैक्षिक संस्थाहरूले विभिन्न शीर्षकबाट अनुदान प्राप्त गर्न सक्नेछन् । जसमा सामुदायिक क्याम्पसहरु पनि सहभागी हुनेछन् । यसका ६ वटा Disbursement Linked Indicators (DLIs) हरु तपसिल वमोजिम रहेका छन् ।

DLI 1: Labor Market Driven Autonomous Courses, Faculty Members Training and Academic Leaders Sensitization
DLI 2 : Collaborative Research and Entrepreneurship Program
DLI 3 : Quality Assurance and Accreditation, and Quality Enhancement
DLI 4 : Performance Based Grants
DLI 5 : Enrollment of Disadvantaged Students and in Lagging and/or Disaster Affected Provinces
DLI 6 Online Teaching, Learning and Digitized Administration

## राज्यको लगानी र प्रतिविद्यार्थी खर्च अनुपात :

नियमित तथा विभिन्न पूँजीगत शिर्षकहरुमा खर्च गर्ने गरि विश्वविद्यालय अनुदान अयोग मार्फत वार्षिक रुपमा विनियोजन गरिएको विवरणका आधारमा सामुदायिक क्याम्पसहरु रहेका विश्वविद्यालय र तिनवटै वि.वि.का सम्पुर्ण सामुदायिक क्याम्पसहरुको  एकमुष्ट रकम विवरण र विद्यार्थी संख्याका आधारवाट तपशिल वमोजिमको प्रतिविद्यार्थी खर्च अनुपात निकालिएको छ ।

| क.स. | क्याम्पस विवरण | आ.व.२०७७/०७८ | | | आ.व.२०७८/०७९ | | |
|---|---|---|---|---|---|---|---|
| | | रकम रु. (हजारमा) | विद्यार्थी संख्या | प्रति विद्यार्थी खर्च रु. | रकम रु. (हजारमा) | विद्यार्थी संख्या | प्रति विद्यार्थी खर्च रु. |
| १ | **सामुदायिक** | ८१,०९,४८ | १,३१,८८१ | **६,१४९** | १,४२,९१,४६ | १,३४,०४४ | **१०,६६२** |
| २ | **त्रिभुवन.वि.** | ९,१३,३१,७८ | १,२३,२८६ | **७४,०८१** | १०,१४,५८,८७ | १,२०,१५८ | **८४,४३८** |
| ३ | **नेपाल सं.वि.** | ७२,७३,३९ | २,५६५ | **२,८३,५६३** | ८३,८१,१६ | २,२३६ | **३,७४,८२८** |
| ४ | **पूर्वाञ्चल वि.** | २१,००,०० | १,५६२ | **१,३४,४४३** | २३,००,०० | १,९९५ | **१,१५,२८८** |

**UGC, Annual Report- 2077/2078 and 2078/2079**

## सामुदायिक क्याम्पसहरुले वहन गरेको विद्यार्थीहरुको भार :

उच्च शिक्षामा कूल विद्यार्थीको करिव एकतिहाई अंश वा भार सामुदायिक क्याम्पसहरुले बहन गरेका छन् जसमा छात्राहरुको प्रतिशत अधिक रहेको छ ।

### सामुदायिक , सरकारी र निजि स्तरमा विद्यार्थी अनुपात :

| क्याम्पसहरुको प्रकृति | क्याम्पस संख्या | विद्यार्थी संख्या | | | प्रतिशत | प्रति क्याम्पस विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | | |
| सामुदायिक | ५३७ | ४९४४२ | ८४६०२ | १३४०४४ | २९.०९ | २४९.६२ |
| सरकारी | १५० | ९१०८४ | ७७१५४ | १६८२३८ | ३६.५१ | ११२१.५९ |
| निजी | ७५३ | ७८१९८ | ८०३४७ | १५८५४४ | ३४.४० | २१०.५५ |
| जम्मा | १४४० | २१८७२३ | २४२१०३ | ४६०८२६ | १०० | ३२० |

**UGC, Annual Report- 2078/2079**

## विद्यार्थी संख्याका आधारमा क्याम्पसहरुको आकार :

| क.स. | क्याम्पसको प्रकृति | १०० भन्दा कम | १०० देखी २०० भन्दा कम | २०० देखी ५०० भन्दा कम | ५०० देखी २००० भन्दा कम | २००० र सो भन्दा बढी |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | २१८ | १२१ | ११५ | ६५ | ५ |
| २ | आंगिक | २१ | २१ | २९ | ४२ | २७ |
| ३ | निजी | ३८५ | १३५ | १६४ | ९२ | ० |
| जम्मा | | ६२४ | २७७ | ३०८ | १९९ | ३२ |

**UGC, EMIS Report- 2077/2078**

## सामुदायिक क्याम्पसले भोग्नु परेका समस्या तथा चुनौतीहरु :

**सम्बन्धन दिने विश्वविद्यालय सम्बद्ध समस्याहरु :**

- शिक्षक कर्मचारीको स्तर निर्धारण सम्बन्धमा,
- प्राविधिक विषयसंवद्ध शैक्षिक कार्यक्रम सम्बन्धन तथा संचालन सम्बन्धमा,
- हाम्रा विश्व विद्यालय, शिक्षा र पाठ्यक्रमले स्वदेशमा प्रर्याप्त सम्भावना रअपेक्षा देखाउन नसकेका सम्बन्धमा,
- उच्च शुल्क भुक्तानीका कार्यक्रम (High Paid Programme)हरु प्राप्त नहुन,
- पाठ्यक्रमले युवा विद्यार्थीहरुलाई उद्यमशील र स्वरोजगार उन्मुख वनाउन नसक्नु,
- विश्व विद्यालयमा अप्राज्ञिक गतिविधि हावी हुँदा सामुदायिक क्याम्पसहरु नै प्रत्यक्ष प्रभावित हुनु,
- प्रर्याप्त र प्रभावकारी तालिमहरुको अभाव रहनु,
- नियमित र प्रभावकारी अनुगमनको अभाव रहनु,
- सम्बन्धन तथा अनुगमनका नाममा विश्व विद्यालयबाट चर्को शुल्क लिइनु,
- परीक्षा संचालन गर्न लगाउने तर केन्द्र खर्च स्वयम् क्याम्पसलाई नै वहन गराउने,
- विद्यार्थी भर्ना प्रकृया, कक्षा संचालन, परीक्षा संचालन र नतिजा प्रकाशनको वार्षिक शैक्षिक क्यालेन्डर अस्तव्यस्त रहनु,
- विद्यार्थी उपलब्धताका प्रर्याप्त स्रोत र क्याम्पस संचालन गर्नै पर्ने औचित्व पुष्टि नगरी राजनीतिक दबाबका भरमा क्याम्पसहरूले सम्बन्धन लिनु र दिनु,

**नेपाल सरकार वा सम्बद्ध निकायसँग सम्बन्धित समस्याः**

- जग्गाको उपभोग सम्बन्धमा,
- कर तिर्नुपर्ने विषयमा,
- नियमित अनुदान अत्यन्त न्यून हुनु,

- विद्यार्थीहरुले स्वदेशमा पढेर केही गर्न सकिन्छ भन्ने सम्भावना नै नदेख्नु
- सामुदायिक क्याम्पसहरूको संचालन व्यवस्थापनमा समेत एकरुपता नदेखिनु,
- विद्यालयका भवनमा त्यहाँ कै व्यवस्थापनबाट शैक्षिक कार्यक्रमहरु संचालन गरिँदा विद्यार्थीले विद्यालय र क्याम्पसमा खासै भिन्नता नदेख्नु,
- कुनै समयमा राम्ररी संचालनमा रहेका संकाय र विषयहरु विद्यार्थी अभावका कारण खाली हुँदै जाँदा दशकौ देखि कार्यरत शिक्षकहरुको जीवनयापन नै बिचल्लीमा पर्नु तथा विकल्प दिन नसक्नु,
- UGC को गुणस्तर अभिवृद्धि (Quality Enhancement-QE) कार्यक्रममा राखिएका कतिपय सुचकांकहरु पूरा गरी क्याम्पसहरुलाई अनुदान लिन कठिनाई हुनु ।

**आन्तरिक तथा बाह्य प्रभावको असरबाट सिर्जित समस्या :**

- शिक्षक कर्मचारीको नियमित पारिश्रामिक भुक्तानीमा समस्या देखिनु,
- विद्यार्थी भर्नादर घट्दै जानु,
- विद्यार्थीको Drop out दर उच्चहुनु ,
- वैदेशिक रोजगारीमा  विद्यार्थीहरु आकर्षित हुँद जानु,
- पहाडी एवं ग्रामीण क्षेत्रबाट शिक्षा, रोजगारी र विविध अवसरका निम्ति बसाईंसराई तीब्र रहनु,
- अधिकांश क्याम्पसहरुमा अति राजनीतीकरण हुनु,
- सामुदायिक क्याम्पसहरुमा सेवा प्रवेशका मापदण्डहरुमा एकरुपता नहुनु,
- आंगिक क्याम्पस वा सरकारी विद्यालयका स्थायी शिक्षकहरुको बाहुल्यता रहेका कतिपय क्याम्पसहरुमा क्याम्पसको आफ्नो मौलिक क्यालेन्डर भन्दा पनि उहाँहरुकै अनुकूलतामा क्यालेण्डर बन्ने स्थिति रहनु ,
- न्यून सेवासुविधाका कारण जीवन यापनका निम्ति धेरैतिर दौड्नु पर्ने प्राध्यापकको बाध्यताका कारण जोखिमपूर्ण जीवन यापन गर्नुका साथै UGC को Quality Enhancement  कार्यक्रम का सूचकहरु पूरा गर्ने गरी लाग्न कठिनाइ हुनु,
- उच्च अध्ययन (एम फिल, पि.एच.डी.) का लागि अधिकांश क्याम्पसहरुबाट तलबी बिदाको  सुविधा प्राप्त हुन कठिनाइ हुनु,

**सामुदायिक क्याम्पसमा कार्यरत प्राध्यापकहरूका समस्याहरु**

- सामुदायिक क्याम्पसमा प्राध्यापकहरूलाई सेवा, शर्त र सुविधाको प्रत्याभूति नहुनु,
- सम्बन्धन दिने विश्वविद्यालय प्राध्यापकहरूका विषयमा मौन रहनु,
- न्युनतम पारिश्रमिक समेत नतोकिनु,

- अन्यत्र स्थायी र निवृत्तीभरणमा बसेका प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूबाट सम्बन्धित क्याम्पसको नीति निर्माणमा पहुँच हुनु,
- आफू स्थायी वा पूर्णकालीन भएको क्याम्पसका प्राध्यापकहरुले नजिकै रहेका सोही प्रकृतिका निजी क्याम्पसहरुमा लगानी गर्नु,
- आफू कार्यरत क्याम्पसबाट आफ्नो भविष्यको  सुनिश्चितता नदेख्नु,
- एम.फिल, विद्यावारिधिलगायतका विद्वत वृत्तिमा प्रभावकारी रुपमा सहभागी नगराइनु,
- प्राध्यापकहरुको स्तर निर्धारण नहुनु,
- औषधिउपचार, उपदान, पेन्सन लगायतका सुविधाहरु नपाउनु,
- नियुक्ति तथा पदोन्नतिम दक्षता र क्षमता भन्दा पनि राजनितिक विचारलाई आधार बनाइनु,
- स्वयं प्राध्यापकहरू पनि पेसागत इमान्दारितामा भन्दा राजनीतिमा बढी सक्रिय हुनु,
- शिक्षण गर्नुपर्ने विषयका विषयगत तालिमहरु प्राप्त नहुनु,
- समयसापेक्ष रुपमा परिवर्तित प्रविधि र ज्ञान अनुकुल शिक्षकहरुलाई लैजान क्याम्पसहरुवाट लगानी नगरिनु तथा कतिपय अवस्थामा शिक्षक स्वयं पनि तत्पर नदेखिनु ।

## समस्या समाधानका उपायहरु :

- सम्बन्धन दिने विश्व विद्यालयले अनिवार्य रुपमा शिक्षक कर्मचारीहरूको स्तर निर्धारण गर्नुपर्ने,
- समुदायले मात्र निरन्तर उच्च शिक्षाको भार वहन गर्न कठिन हुनेहुँदा सरकारको लगानी बृद्धि गर्नु पर्ने ।
- राज्य र सामुदायिक क्याम्पसहरूको सहभागितामा कम्तिमा एक केन्द्रीय स्तरमा र सात वटा प्रादेशिक स्तरमा सामुदायिक विश्वविद्यालयहरु स्थापना हुनुपर्ने,
- विश्व विद्यालयका विभिन्न जिम्मेवारीहरुमा सम्बन्धित विश्व विद्यालयले आफ्ना आंगिक क्याम्पसमा कार्यरत प्राध्यापकहरु सरह नै जिम्मेवारीहरु दिनु पर्ने,
- उच्च शुल्क भुक्तानीका कार्यक्रम (High Paid Programme)हरु समेत संचालन अनुमति दिईनु पर्ने,
- वजारको माग, देशमा उपलब्ध साधन स्रोतको पहिचान तथा परिचालन एवं अन्तराष्ट्रिय स्तरको प्रतिष्पर्धि क्षमता अनुकुलका कार्यक्रम र पाठ्यक्रमहरु नै तयार गरेर शिक्षकहरुलाई प्रर्याप्त तालिमसहित संचालनमा ल्याउनु पर्ने,
- आंगिक क्याम्पसहरुमा सरकारको लगानी अतिउच्च र सामुदायिक क्याम्पसहरुमा अति न्युन देखिएको हुँदा उच्च शिक्षामा प्रति विद्याथी Funding Modality मा एकरुपता देखाउनुपर्ने ।
- क्याम्पसहरुको विद्यार्थी भार वहन क्षमता (Per Capita Funding Model) का आधारमा नै राज्यले उच्च शिक्षामा लगानी गर्नु पर्ने,

- सामुदायिक क्याम्पससँग सम्बन्धित नीति निर्माणमा सामुदायिक क्याम्पसका प्राध्यापकहरूको भूमिकालाई प्रभावकारी बनाइनु पर्ने,
- उच्च शिक्षामा राज्यको दायित्वलाई पूरा गर्ने कार्यमा सहयोग गरिरहेका यस्ता क्याम्पसहरूलाई विश्वविद्यालय अनुदान आयोग मार्फत् विद्यार्थी सङ्ख्याका आधारमा दरबन्दीहरु दिनु पर्ने,
- सामुदायिक क्याम्पसहरु संचालनको व्ययभार स्थानिय तथा प्रदेश सरकारका तर्फबाट पनि लिईनुपर्ने,
- सामुदायिक क्याम्पसमा मात्र कार्यरत पुर्णकालिन प्राध्यापकहरुको वास्तविक तथ्यांक लिनुका साथै न्युनतम स्तरका सेवासुविधामा एकरुपता कायम हुनुपर्ने,
- समुदायमा उच्च शिक्षाको पहुँच वृद्धि गरी देशको उच्च शिक्षामा महत्त्ववूर्ण योगदान दिएका कारण नेपाल सरकारले अन्य सरकारी निकय सरह निवृत हुँदा दिने गरी सेवानिवृत वा पेन्सन कोष स्थापना गरी सामुदायिक क्याम्पसमा कार्यरत आफ्ना प्राध्यापको निवृत्त जीवनलाई सहज बनाईदिनु पर्ने,
- अध्ययन अनुसन्धानलाई प्रभावकारी वनाउन प्रदेश स्तरमा समेत अनुसन्धान केन्द्रहरु स्थापना गरी सामुदायिक क्याम्पसका प्रध्यापकहरुको समेत सहभगिता वढाउनुका साथै प्रदेश तथा स्थानिय सरकारका कामहरुमा समेत सघाव पुर्याउने,
- राज्यका तर्फबाट विद्यार्थीहरुको शिक्षा र रोजगारीलाई एकीकृत रुपमा लैजाने व्यवस्थित योजना निर्माण गरि कार्यान्वयनमा जानु पर्ने,
- राज्यका राजकीय नियुक्तिहरूमा सामुदायिक क्याम्पसमा कार्यरत प्राध्यापकलाई आंगिक क्याम्पसमा कार्यरत प्राध्यापकहरू सरह स्वीकार गरी नियुक्ति दिने अवसरहरुमा समानता दिनु पर्ने,
- क्याम्पसले पूर्वाधार विकास गरेका जमिनहरुको सहजतापूर्व भोगाधिकार दिने व्यवस्था हुनु पर्ने,
- UGC को गुणस्तर अभिवृद्धि (Quality Enhancement-QE) कार्यक्रम र यहाँ राखिएका सूचकांकहरु क्याम्पसहरुको वर्तमान अवस्था र क्षमता अनुरुप परिमार्जित नै हुनुपर्ने ।

**निष्कर्ष :**

स्थानीय समाजसेवी, बुद्धिजीवी ,शिक्षाप्रेमी, दानवीर दाताहरुले आफ्नो क्षमता अनुसार नगद, श्रम, अन्न वा मट्टी दान दिएर तथा चन्दा उठाएर भौतिक पूर्वाधार निर्माण र विकास गरिएका नाफारहित शैक्षिक केन्द्रका रुपमा स्थापना गरि विश्वविद्यालयहरुबाट स्वीकृत शैक्षिक कार्यक्रम सञ्चालन गर्ने संस्थाका रुपमा सामुदायिक क्याम्पसहरु रहेका छन् । आ.व. २०७८।०७९ को तथ्यांक हेर्दा राज्यले प्रति विद्यार्थी प्रति वर्ष केबल रु १०,६६२ खर्च गरेको छ भने त्रि.वि.का आंगिक क्याम्पसमा पढ्ने सोही प्रकृतिका विद्यार्थीमा राज्यको लगानी रु ८४,४३८। प्रति वर्ष देखिन्छ । नाफारहित ढङ्गबाट समुदायकै निगरानीमा चलेका यस्ता क्याम्पसहरुलाई समेटेर विश्वविद्यालय स्थापना गरी राज्यले कम्तिमा कुल खर्चको ५० प्रतिशत मात्रै पनि लगानी गर्ने हो भने पनि समुदायको शिक्षाको यो लगानी व्यवस्थित हुनुका साथै शिक्षा क्षेत्रमा देखिएका यस किसिमका अस्तव्यस्तता व्यवस्थितहरु भएर जाने निश्चित देखिन्छ ।

राज्यले शिक्षालाई विकासको मूल आधारका रुपमा स्वीकार गरे पनि व्यवहार ठिक विपरीत हुन जाँदा शैक्षिक क्षेत्र अस्तव्यस्त हुन पुगेको हो । निर्णय र कार्यान्वयनमा ढिलासुस्ती हुनु, शैक्षिक क्यालेण्डर अनुसार कार्य गर्न नसक्नु, बजारको आवश्यकता र विद्यार्थीको रुची अनुरुपका पाठ्यक्रमहरू तयार गरी लागु गर्न नसक्नु, समय सापेक्ष देशको आवश्यकता अनुरुप जनशक्ति तयार हुन नसक्नु, विश्वविद्यालयबाट उत्पादित जनशक्ति बेरोजगार हुँदा समेत उत्पादन गर्ने विश्वविद्यालय र राज्यका निकायहरु समेत मौन रहनु, विद्यार्थीले परीक्षा दिएको एक वर्ष भन्दा वढी अवधिसम्म पनि नतिजा प्रकाशन गर्न नसक्नु, विद्यार्थी र क्याम्पसहरूको अधिक भार बहन गरेर बसेको त्रि.वि.लाई कसरी चुस्त बनाउने भन्ने तर्फ कुनै ठोस योजना र प्रभावकारी कार्यान्वयनको दिशा नदेखिनु, सामुदायिक क्याम्पसहरुको उच्च शिक्षामा रहेको योगदानको अनुपातमा राज्यको लगानी अति न्यून हुनु, उच्च शुल्क भुक्तानीका कार्यक्रम (High Paid Programme)हरुको संचालन स्विकृति प्राप्त नहुनु , त्रि.वि.को व्यवस्थापन र राज्यको लगानीको भारलाई कम गर्ने गरी स्थापनाको लक्ष्य लिइएको पब्लिक विश्वविद्यालय स्थापनाको मागलाई बेवास्ता गरी राज्यकै पूर्ण लगानीमा केन्द्रीय तथा प्रदेश स्तरीय विश्वविद्यालयहरू स्थापना गर्दै जानु, करिब एक तिहाई विद्यार्थीको भार बोकेर शिक्षा प्रदान गरिरहेका सामुदायिक क्याम्पसमा कार्यरत प्राध्यापकहरूको स्तर निर्धारणमा वेवास्ता हुनु लगायतका यावत समस्याका बीचमा रहेको वर्तमान उच्च शिक्षा प्रणालीमा आवश्यक प्राविधिक र बजार माग अनुरुपको शिक्षा लिनका लागि समेत ठूलो धनराशि खर्च गर्नुपर्ने परिस्थिति छ । सोही प्रकृतिका शिक्षाका निम्ति विदेशी विश्वविद्यालयलाई स्वदेशमा भित्राएर होस् वा विद्यार्थीलाई नै विदेश जान बाध्य पारेर होस् राष्ट्रिय ढुकुटीको एक महत्वपूर्ण हिस्सा विदेश पठाउने नै काम भएको देखिन्छ । जसले अझ  दूरगामी रुपमा नकारात्मक प्रभाव पारिरहेको छ । किनकि विदेश पढ्न गएका विद्यार्थी स्वदेश फर्किनुको बदला पैतृक सम्पत्ति समेत बेचेर आफ्ना आश्रितहरुलाई आफू भएकै देशमा बोलाउने वा आफ्नो हिस्साको सम्पत्ति बिक्री गरेर लैजाने केबल जेष्ठ नागरिकहरू मात्र स्वदेशमा रहँदै जाने अवस्था सिर्जना भएको छ । यी र यस्ता जटिलताहरूलाई छिटो व्यवस्थापन गरी समग्र शिक्षा क्षेत्रलाई विदेशी देखासिकी भन्दा पनि राष्ट्रिय आवश्यकतामा नै केन्द्रित गराएर जानु पर्ने आम सरोकार राख्ने पक्षहरुको जिम्मेवारी छ । जसले गर्दा सामुदायिक क्याम्पस एवं त्यहाँ कार्यरत प्राध्यापकहरुका समस्या पनि स्वतः व्यवस्थित भएर जानेछन् ।

## सन्दर्भसूची


- न्यौपाने, नेत्रप्रसाद(२०७९), पब्लिक (सामुदायिक) क्याम्पसका प्राध्यापकहरूको समस्या र समाधानका उपायहरू, कार्यपत्र ।
- कोइराला, नरेन्द्रप्रसाद(२०७९),सामुदयिक क्याम्पसका प्राध्यापकहरू : अवस्था र चुनौती, कार्यपत्र ।
- काफ्ले, टोलनाथ(२०७८), उच्च शिक्षा र प्रदेश नं १ मा सामुदायीक क्याम्पसहरुको अवस्था, कार्यपत्र ।
- सञ्जेल, शिवराज (२०७७) संघीय र प्रादेशिक संरचनामा सामुदायिक विश्वविद्यालयः संक्षिप्त अवधारणा, कार्यपत्र ।
- ओझा, भोलानाथ (२०७६) पब्लिक क्याम्पसका समस्या र समाधानका उपायहरू, कार्यपत्र ।

- शर्मा, खगराज (२०७०) उच्च शिक्षा, समुदायको लगानी र प्रस्तावित नेपाल पब्लिक विश्वविद्यालय, दिपिका, वार्षिक मुखपत्र, राममणि क्याम्पस, रुपन्देही
- शर्मा, खगराज (२०६८), प्रस्तावित नेपाल पब्लिक विश्वद्यालयको संरचना, सञ्चालन र व्यवस्थापन : अवधारणा, कार्यपत्र ।
- विश्वविद्यालय अनुदान आयोग (२०७९), कार्यक्रम कार्यविधि, सानोठिमी, भक्तपुर, नेपाल ।
- UGC (2079), Annual Report 2078-2079, Sanothimi, Bhaktpur, Nepal.
- UGC (2078), Annual Report 2077-2078, Sanothimi, Bhaktpur, Nepal.
- UGC (2078), EMIS Report 2077-2078, Sanothimi, Bhaktpur, Nepal.


Contact: khagrajsharma2026@gmail.com

**आयोजक : नेपाल प्राध्यापक संघ, काठमांडौ**
**मिति : २०७९।१०।२८ र २९, बुटवल**

-